परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

*Talk Nepal National Daily*

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ९१ पृष्ठ ४ २०८१ माघ ६ गते, आइतबार 19-January, 2025 मूल्य रु. ५/-



9854020595
9801620595

कान्तिपुर फ्लैक्स प्रिन्ट

मेनरोड, बर्दिवास, महोत्तरी

हाम्रो सेवाहरू

- फ्लैक्स प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- 2D बोर्ड
- 3Dबोर्ड
- भिजिटिङ्ग कार्ड
- टि-सर्ट प्रिन्ट
- स्टाम्प
- कप प्रिन्ट

छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

बलिदानी दिवस :

## मधेश प्रदेश सरकारले ३ करोड ६१ लाख दिने घोषणा



मधेश प्रदेश सरकारले बलिदानी दिवसको अवसरमा सहिद परिवार का सदस्यलाई ३ करोड ६१ लाख रुपैयाँ दिने घोषणा गरेको छ ।

विगत ७ वर्ष देखि माघ ५ गत्ते मधेश प्रदशे सरकारले बलिदानी दिवस मनाउँदै आएको छ । सोहि क्रमलाई निरन्तरता दिँदै गृह सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गतको मधेशी शहीद प्रतिष्ठानको आयोजनामा मधेश प्रदेश सरकारले शनिबार जनकपुरधाममा बलिदानी दिवस मनाएको छ। मधेश ओन्दोलनमा सहादत प्राप्त गरेका सहिदहरुको सम्झना र सम्मानमा यो दिवस मधेश प्रदेश सरकारलगायत मधेशवादी दल र नेताहरुले मनाउँदै आएका छन् ।

कार्यक्रममा मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतीस कुमार सिंहले प्रदेशका ८ वटै जिल्लाबाट आएका सहिद परिवारका सदस्यलाई दोसल्ला ओढाएर सम्मान गर्नुका साथै नगद सहयोग गर्ने घोषणा गरेका छन् ।

मुख्यमन्त्री सिंहले सहिद भएका ६३ जना परिवारलाई ३ लाख रुपैयाँ प्रति परिवार, ४७ जना सख्त घाईते भएकालाई २ लाख रुपैयाँ, ३६ जना मध्यम अवस्थाको घाईते भएकालाई




१ लाख ५० हजार हजार र २४ जना साधारण घाईते भएकालाई १ लाख रुपैयाँ जनहि गरी कुल ३ करोड ६१ लाख रुपैयाँ प्रदान गर्ने घोषणा गरेका छन् । मुख्यमन्त्री सिंहले शनिबार भएका कारणले रकम हस्तान्तरण गर्न ढिलाई भएको र आइतबार बैंक खुलेपछि बैंक खातामै रकम जाने गरी व्यवस्था मिलाउने जानकारी दिए । त्यस्तै उनले सहिद परिवारका सदस्यहरुका लागि बिमा कार्यक्रम, छोराछोरीका लागि छात्रवृति लगायतका सुविधा यसै वर्ष देखि सुरु गर्न लागेका बताउनुभयो । मुख्यमन्त्री सिंहले सहिद परिवारका सदस्यहरुको व्यवस्थापनका लागि रोड म्याप तयार गरेर रोजगारी, शिक्षा, स्वास्थ्यलगायतका सेवा सुविधा दिने प्रतिबद्धता जाहेर गर्नुभयो ।

## बर्दिबास नगरपालिकाद्वारा सर्वदलीय बैठक सम्पन्न




● बिनोद ढुङ्गेल

बर्दिबास नगरपालिकाका सर्वदलीय बैठक सम्पन्न भएको छ।

बर्दिबासका नगरप्रमुख प्रल्लाद कुमार क्षेत्रीको अध्यक्षतामा प्रदेश तहका सभासद् शारदा देवी थापाको प्रमुख आतिथ्यमा जिल्ला प्रमुख कार्यालय महोत्तरीका प्रमुख लालबाबु कवारीको अथितिमा यसैगरी नगर उपप्रमुख तारादेवी महत्व प्रमुख जिल्ला प्रमुख कार्यालय महोत्तरीका सहायक प्रमुख उपेन्द्र न्यौपाने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारी चिरञ्जीवी हमाल महेश झा नगरपालिकाभित्रका प्रमुख पार्टीहरूको प्रतिनिधिहरूको उपस्थितिमा बर्दिबास नगरपालिकाको नगर हलमा सर्वदलीय बैठक तथा अन्तरकारिक क्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा पालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा नगर प्रमुख प्रल्लाद कुमार क्षेत्रीले बर्दिबास नगरपालिकाका समसामयिक विषय वस्तुहरू राम जानकी फन पार्क, मेडिकल कलेज, बर्दिबास अस्पताल , जग्गा वर्गीकरणका समस्या, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबास, शिक्षा, सरकारी जग्गा संरक्षण जस्ता विषयमा कसरी जान सकिन्छ भन्ने विषयमा सम्पूर्ण राजनीतिक दलका प्रतिनिधिहरूसँग अन्तरक्रिया गर्नुभएको हो।

बर्दिबास नगर क्षेत्र भित्रका विकासका आयोजना सञ्चालित अवस्थामा रहेका छन्। त्यसका समस्या, अप्ठ्यारा, समाधानको उपाय कसरी निकाल्न सकिन्छ भनी विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुले आफ्नो विचार राख्नुभएको थियो।

विचार राख्ने क्रममा मेडिकल कलेजका प्रमुख देवीप्रसाद सुवेदीले वन मन्त्रालयबाट वृक्षारोपणको अनुगमन गरेर रिपोर्ट पठाएपछि मात्र अरु मेडिकल कलेजका अरु कामहरु अगाडि बढ्ने कुरा जानकारी गराउनुभयो। यस्तै समस्याका विषयमा र केन्द्रमा सम्पूर्ण पार्टीका प्रतिनिधिहरु डेलिगेसन गएर भएपनि समस्या समाधान गर्दै अघि बढ्नुपर्ने बताउनुभयो। प्रमुख

जिल्ला अधिकारी लालबाबु कबाडीले बर्दिबास नगर क्षेत्र पर्यटकीय क्षेत्र रहेको यसलाई पर्यटकको हक बनाई अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभयो।

प्रदेश सभासद शारदादेवी थापाले नगरभित्र समस्या र समाधानका लागि यस्ता अन्तरक्रिया कार्यक्रम अति आवश्यक रहेको यस्ता कार्यक्रमहरु नगरले तीन/तीन महिनामा राख्नुपर्ने बताउनुभयो । उहाँले नगर प्रमुखले राखेका विषयमा समस्या र समाधान दुवै व्यक्त गर्नुभयो।

यसैगरी नेपाली कांग्रेसका क्षेत्रीय सभापति महेश झाले नगरबाट निकै राम्रा कामहरू भइरहेको छ।

नदी उत्खनन गर्दा नगरलाई चलाउनको लागि आर्थिक भार पनि कम पर्ने हुँदा उत्खनन गर्दा मापदण्ड भित्र रहेर गर्नुपर्ने कुरालाई जोड दिनुभयो।

यस्तै नेकपा एमालेका नगर अध्यक्ष कहारमान स्याङ्बाले पनि नगर प्रमुखले उठाउनुभएका कुराहरूमा स्वास्थ्यको प्रगति राम्रै भएको तर बर्दिबास अस्पताल केही कुरा कुराहरू बाहिर आएको र यसलाई निर्मूल पार्न के कस्ता योजनाहरु रहेका छन् भने प्रश्न राख्नुभएको थियो। साथै शिक्षाको गुणस्तर उकास्न सबै मिलेर लाग्नुपर्ने कुरा बताउनुभयो।

– बाँकी पृष्ठ ४ मा

सुचना ! सुचना !! सुचना !!!

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१/०९/०७ को निर्णय अनुसार मिति २०८१/१०/३ गते राखिएको साधारण सभा विशेष कारण बस स्थगित भई यस संस्थाको २२ औँ साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्यलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ । यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियोमार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ ।


**तपशील**

मितिः २०८१/१०/१३ आइतबार

समय : ११ बजे देखी

स्थानः **IRDS**, समाज सहकारी अस्पतालको प्राङ्गणमा

**गीता अधिकारी**
अध्यक्ष
समाज वचत तथा ऋण सहकारी संस्था
बर्दिबास-०१, महोत्तरी
सम्पर्क नं:.९८१९८१४४३६,९८४४०५२६३८



परिवर्तनको लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### कानुन व्यसायीमाथिको आक्रमण : निन्दनीय

कानुन व्यवसायी भनेको वकिलहरु हुन् । वकिल भनेको अदालतमा पक्ष र विपक्षमा बहस गर्ने व्यक्तिहरु भए । सकेसम्म कोही पनि मानिस अदालतमा जान पर्ने अवस्था नै नआउनु नै राम्रो हो किनभने अदालत भनेको त्यसै पनि एउटा झन्झटको स्थान हो । यो कुरा केही घटनाक्रमहरुले पनि पुष्टि गर्दछ ।

मुद्दा मामिला भनेको राम्रो पक्ष हुदै होइन तैपनि मानिस बाध्य भएर अदालतको ढोकामा जानुपर्दछ । गलत नगरे पनि जान पर्ने हुनसक्छ गलत गरे त कुरै भएन ।यसैपनि जान पर्छ नै ।वकिल कति बेला कहाँ कसलाई काम लाग्छ यसै भन्न पनि सकिन्न । वकिलले क्षणभरमा कसैको पक्षमा बहस गरिरहेका हुन्छन् भने क्षणभरमा विपक्षमा पनि बहस गर्लान् त्यो उनीहरुको पेसा हो । उनीहरुले यही कर्म गरेर खाने पेसा भएकाले अब वकिलहरुले भन्ने वा बहस गर्ने कुरामा कति सत्यता होला त्यसको त फरक तरिकाबाट फेरि व्याख्या होला नै तर आफ्नो पक्षमा बहस कसैले गरेन भनेर कानुन व्यवसायीमाथि आक्रमण गर्नु चाही जायज होइन ।

सबैले आआफ्नो पेसा गरेर बाच्न पाउनुपर्दछ । बुधवार काठमाडौंमा एकजना कानुन व्यवसायीले कुटाइ खान परेको भनेर पीडितले नै बताएको कुरा आएको छ । सामाजिक संजालमा पनि आक्रमणको प्रयास भएको देखिन्छ ।

जसले जुन स्वार्थ लिएर भएपनि कानुन व्यवसायीमाथि आक्रमण नगरौं । अनि कानुन व्यवसायीहरु पनि बहस बाहेकका अन्य सवालमा प्रवभग्राही नबनौं ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# महिला विश्वकप क्रिकेट: नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित



● टक नेपाल

आईसीसी यू-१९ टी-२० महिला विश्वकप क्रिकेट प्रतियोगिता आफ्नो पहिलो खेलमा नेपाल नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित भएको छ ।

मलेसियाको बाङ्गीमा रहेको युकेएम ओभल क्रिकेट मैदानमा आज सम्पन्न खेलमा नेपालले दिएको ५३ रनको विजयी लक्ष्य बङ्गलादेश १३ दशमलव दुई ओभरमा पाँच विकेटको क्षतिमा पूरा गर्‍यो ।

बङ्गलादेशका लागि सादिया इस्लामले २४ बलमा एक चौकाको सहयोगमा १६ रन बनाइन् । सुमैया अत्तरले १२ र अफिया अशिमा इराले नौ रन जोडिन ।

बलिङतर्फ नेपालकी रचना चौधरी, रिया शर्मा, सिमना केसी र पूजा महतोले समान एक/एक विकेट लिए ।

टस हारेर पहिले ब्याटिङ गरेको नेपालले १८ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर ५२ रन बनाएको थियो ।

नेपालका लागि ओपनर साना प्रविनले ३२ बलमा १९ रन बनाइन् । त्यस्तै सिमाना केसीले १० रनको योगदान दिइन् । अन्य नेपाली ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

कप्तान पूजा महतो दुई रनमा आउट भइन भने अलिशा यादवले चार रन बनाइन । यसैगरी तिर्सना विक र रचना चौधरीले समान तीन/तीन रन बनाउँदा रिया शर्मा पाँच रनमा नटआउट र हिन् ।

बङ्गलादेशका लागि जनाथन माओलाले दुई विकेट लिइन भने अनिसा सोवा, फोयोमोदी चोया र निशीता अख्तरले समान एक/एक विकेट लिए ।

नेपालले आफ्नो दोस्रो खेल यही माघ ७ गते स्कटल्यान्डसँग खेल्नेछ ।

प्रतियोगिताको समूह 'डी'मा रहेको नेपाललाई सुपर-६ मा पुग्न कम्ती एउटा खेल जित्नुपर्छ । समूहमा नेपालसँगै बङ्गलादेश, स्कटल्याण्ड र अस्ट्रेलिया छन् ।

आजै भएको सोही समूहको पहिलो खेलमा अस्ट्रेलियाले स्कटल्याण्डलाई ९ विकेटले पराजित गरेको छ ।

# खो खो विश्वकपमा नेपालको इतिहास, युगान्डालाई हराउँदै महिला टोली फाइनलमा



● टक नेपाल

भारतमा जारी खो खो विश्वकपमा नेपालले उत्कृष्ट प्रदर्शन जारी राख्दा महिला टोली फाइनलमा पुगेको छ । नेपाली महिला राष्ट्रिय खो खो टोलीले शनिबार पहिलो सेमिफाइनलमा युगान्डालाई पराजित गर्दै ऐतिहासिक फाईनल यात्रा तय गरेको हो ।

नयाँ दिल्ली स्थित ईन्दिरा गान्धी ईन्डोर हलमा भएको खेलमा नेपालले युगान्डालाई ८९-१८ ले हरायो । नेपालले अब दक्षिण अफ्रिका र भारतबीच हुने दोस्रो सेमिफाइनल विजेतासँग उपाधिका लागि खेल्नेछ ।

नेपालको कुनै पनि टोली कुनै पनि खेलको विश्वकपमा फाइनलमा पुगेको यो पहिलो पटक हो । नेपालको लागि कुनै पनि खेलको विश्वकप पुग्नु नै ठूलो विषय हुन्छ ।

त्यसमा पनि खो खो विश्वकप खेलेर अपराजित रहँदै फाइनल नै पुग्नु नेपाली खेलकुदकै ऐतिहासिक क्षण हो ।

नेपालको महिला टोली अपराजित रहँदै फाईनल पुगेको हो । यसक्रममा नेपालले हालसम्म खेलेको सबै ६ खेल जित्यो । महिलातर्फ समूह सी मा रहेको नेपालले सबै चार खेल जित्दै समूह सी को विजेताको रूपमा क्वाटरफाइनलमा प्रवेश गरेको थियो ।

नेपालले पहिलो खेलमा भुटानलाई ९३-२४ ले, दोस्रो खेलमा जर्मनीलाई ७३-३४ ले, तेस्रो खेलमा श्रीलंकालाई ११०-१० ले र चौथो खेलमा बंगलादेशलाई ८४-२४ ले पराजित गरेको थियो ।

यसैगरी क्वाटरफाइनलमा इरानलाई १०३-८ अंकको अन्तरले हराउँदै नेपाल सेमिफाइनलमा पुगेको थियो ।

# अमेरिकामा टिकटकमाथि प्रतिबन्ध लगाउने पक्षमा सर्वोच्चको फैसला




● टक नेपाल

अमेरिकाको सर्वोच्च अदालतले टिकटकमाथि प्रतिबन्ध लगाउने कानूनको पक्षमा फैसला गरेको छ । गएराति अमेरिकाको सर्वोच्च अदालतले यदि टिकटकले अमेरिकी कम्पनीलाई आफ्नो स्वामित्व नबेचेमा कानूनअनुसार भोलिदेखि प्रतिबन्धमा पर्ने फैसला गरेको हो ।

सर्वोच्च अदालतको फैसलापछि सरकारले अब टिकटकको अमेरिकी संस्करण एप स्टोर र वेब होस्टिङ्ग सेवाबाट हटाउनेछ । अमेरिकी राष्ट्रपति जो बाइडेनले टिकटकमाथि प्रतिबन्ध लगाउने कानून बनाएपछि सर्वोच्च अदालतमा मुद्दा परेको थियो । मुद्दाको फैसला गर्दै सर्वोच्चले सरकारको कानूनी निर्णय ठिक हो भनेको छ ।

सर्वोच्चको फैसलापछि चिनियाँ कम्पनी टिकटकले यदि अमेरिकी सरकारले कुनै कदम चालेन भने भोलिदेखि अमेरिकामा आफ्नो गतिविधि बन्द गर्ने बताएको छ ।

टिकटकले विज्ञप्ती जारी गरेर भनेको छ, 'जो बाइडेन, ह्वाइट हाउस र न्याय विभागले हामीलाई स्पष्टता र आश्वासन दिन असफल भएका छन्, यदि अमेरिकी सरकारले बयान जारी गरेर आश्वासन दिँदैन भने, हामी जनवरी १९ मा सबै गतिविधिहरू रोक्न बाध्य हुनेछौं ।' आफ्नो कार्यकाल सकिने अन्तिम दिनहरुमा राष्ट्रपति बाइडेनले यो निर्णयमा पुनरावलोकन गर्ने सम्भावना छैन ।

यस्तो अवस्थामा धेरैको नजर नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पतर्फ सोझिएको छ । पहिलो कार्यकालमा टिकटकप्रति आक्रामक देखिनुभएका ट्रम्पले अहिले भने यसमाथि अहिले नै प्रतिबन्ध नलगाउने भाषण गर्दै आउनुभएको छ । यसबारेमा टिकटकका मालिकसँग ट्रम्पले कुराकानी गरिसक्नुभएको छ ।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)




हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश, नेपाल

सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०४

यस नगरपालिकालाइ आवश्यक तपशिल बमोजिमको सामाग्रिहरु खरिद गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० अनुसार यो सूचना प्रकाशन गरिएको छ । विस्तृत सूचना यस कार्यालयको वेवसाइट (**www.bardibasmun.gov.np**) बाट प्राप्त गर्न सकिनेछ ।

| क्र.सं. | सिलवन्दी दरभाउपत्र नं. | कामको विवरण | जमानत रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १. | BM/GOODS/SQ/81/82-02 | Desktop Computer, Laptop, Printer And Batteries | 55,000/- | 1,000/- |

प्रमुख प्रशासकीय अधिकृत

# २०० बढी बालबालिका विद्यालय जान छाडे

• टक नेपाल

महोत्तरीको मटिहानी नगरपालिका वडा नम्बर ४ को मझौरा गाउँका दुई सय बढी बालबालिका विगत दुई महिनादेखि विद्यालय गएका छैनन् ।

मझौरा गाउँ प्रवेश गरेसँगै दाहिनेतर्फ ७५ घर मुसहर समुदायका छन् । यहाँका २०० बढी बालबालिका गत मङ्सिर महिना सुरू भएदेखि नै विद्यालय जान छाडेका छन् । मुसहरी (मुसहर बस्ने) टोलभन्दा केवल तीन सय मिटर दूरीमा रहेको श्री माध्यमिक विद्यालय मझौरामा बाल कक्षादेखि विभिन्न कक्षामा पढ्दै आएका मुसहरका बालबालिकाले मङ्सिर र पुस महिना एक दिन पनि विद्यालय टेकेनन् ।

स्थानीय मुसहर अगुवा अघनु सदाका अनुसार गरिब र विपन्न यस बस्तीका बालबालिका जाडोकै कारण दुई महिनादेखि विद्यालय नगएका हुन् ।

स्थानीय ६० वर्षीया सुनैनादेवी सदाले बालबालिकाको जीउमा पर्याप्त न्यानो लुगाफाटा नभएको, खानेकुराको अभाव र जीउ न्यानो बनाउन आगोसमेत अभाव भएको बताउनुभयो । जाडो महिना सुरू भएदेखि नै उनीहरू विद्यालय नगएको सोही ठाउँकी ६५ वर्षीया महिला बासोदेवी सदाले बता इन्उ ।

खर, पराल र पात पतिङ्गर सोहोरेर जेनतेन खाना पकाएर खाइरहेका मुसहरलाई जाडोको महिना निक्कै कष्टकर हुने गरेको भन्दै स्थानीय ७२ वर्षीया कोशिलादेवी सदाले घर बाहिर गएमा स्वास्थ्य बिग्रने डरले बालिबालिकालाई विद्यालय जानबाट रोकेको पीडा सुनाइन् ।



चाँडैतिर झिक्राझिक्री र खरपातले बनाएको घर, छाना चुहिने, शीत र ओस आउने ह्वाङ्ग र त्यसमै एक अर्कासँग टाँसिएर बसेका मुसहरका बालबालिका जाडो छल्नकै लागि विद्यालय नगएका हुन् ।

नबस्ने घर, न खाने अन्न र त्यसमाथि कठ्याङ्ग्रिँदो जाडोले उनीहरूको रोजगारी पनि बन्द भएको छ । उनीहरूलाई परिवार पाल्न निक्कै कठिनाइ भएको छ । त्यसमाथि बालबालिकाको पठनपाठन झन बोझझैँ भएको छ ।

स्थानीय ५४ वर्षीय रामसेवक सदाले जाडोको बेला कामकाज गर्न नसकिने, पैसाको अभाव हुने र लुगाफाटोको समस्या रहेको कारण यस बस्तीमा राम्ररी खानपान पनि पुऱ्याउन सबैलाई हम्मेहम्मे भएको बताए। बालबालिकाहरूलाई कठ्याङ्ग्रिँदो जाडोमा घुर ताप्न लगाएर ज्यान जोगाउने गरेको उनले सुनाए ।

यस बस्तीमा जाडोयाममा सबैलाई न्यानो लुगाफाटा, पोषिलो खानपिन र चिसो हावा छल्ने घरको अभाव बर्सेनि हुने गरेको स्थानीय ३९ वर्षीय वीरेन्द्र सदाले बताए । उनले यस्तो अभावको बेला आफूहरूलाई कसैले कहीँबाट कुनै सहयोग नगरेपछि झन बढी समस्या भएको दुखेसो पोखे ।

बस्ती नजिकै अर्को टोलमा घर रहेको वडाध्यक्ष अब्दुल गफार राईनलाई मुसहरी बस्तीको बासिन्दाको पीडाबारे सोध्दा उनले आफू पनि मुसहरको पीडासँग पीडित रहेको बताए । तर, उनीहरूको समस्याको निदान आफ्नो हैसियतले गर्न नसकिने वडाध्यक्ष राईनले बताएइ ।

वडाध्यक्ष राईनले मुसहरी बस्तीमा घर निर्माणको योजना पनि अगाडि सार्न खोज्दा त्यहाँ मुसहरसँग जग्गा अभाव रहेको, सबैसँग पर्याप्त जग्गा नरहेको कारण बाहिरी सहयोगले बनाइने एकै खालको घरको परियोजना चाहेर पनि लागू गर्न नसकिएको बताए ।

मुसहर बस्तीका दुई सय बढी बालबालिका विद्यालय नगइरहेको सबालमा वडाध्यक्ष राईनले आफूले विद्यालय पठाउन मात्रै आग्रह गर्ने बताउनुभयो । तर उनीहरूको बालबालिकाहरूको अभावलाई पूरा गर्नसक्ने अवस्था नरहेको कारण जबर्जस्ती गर्न नसकिने बताए ।

पुस र माघ महिनाको चिसो स्याँठले निम्त्याएको कठ्याङ्गरिदो जाडोबाट बच्न गत साता यस बस्तीमा नेपाली सेनाले प्रतिपरिवार एक एक थान कम्बल बाँडेको सुनाउँदै बस्तीकी ७२ वर्षीया कोशिलादेवी सदाले यो सहयोग अपुग र अपर्याप्त रहेको बताए ।

उनले दाताले प्रतिपरिवार नभएर आवश्यक भएका सबैलाई दिनुपर्ने धारणा राखे । उनले एउटा कम्बल बूढापाखा राख्ने कि महिलाले ओढ्ने कि बालबालिकालाई दिने भनी प्रतिप्रश्न गरे ।

यस मुसहर बस्तीमा अहिले बूढापाखा ठाउँठाउँमा खर, पराल र पातपतिङ्गर ल्याएर ठूलठूला घुर बालेर आगो ताप्दै दिन बिताउने गरेको देख्न सकिन्छ भने महिला तथा बालबालिका घरभित्र आगो बालेर आगोकै वरिपरि बसिरहेको देख्न सकिन्छ ।

यस्तो अवस्थामा त्यस बस्तीका बालबालिकालाई ज्यान जोगाउनु नै मुस्किल छ । यस बस्तीका मुसहरहरू देशमा तीन तहको सरकार आएको र सङ्घीयताले देश विकासको दिशा लिइरहेको बेला आफूहरूले सङ्घीयता र लोकतन्त्रको अलि कति पनि अनुभूति गर्न नसकेको बताउँछन् ।

*स्रोत: अनलाइन खबर डटकम*


निःशुल्क भाषा कक्षा

Japanese & Korean Language

Study in JAPAN

● Basic Language पढे पुग्ने ।
● 12 Pass गर्ने ले Apply गर्न मिल्ने ।
● Academic Gap ले फरक नपर्ने ।
● Working Visa को विशेष तयारी कक्षा ।

Korean Language

● EPS Based Preparation Class
● Skill Test Class
● UBT Based Preparation Class
● Weekly Daily UBT Test
● Special Class and Guarantee Pass

Tokyo/Nagoya/ Osaka/Shizuoka/ Okinawa/Fukuoka/ Nagasaki and others

Mahima Education Consultancy
Bardibas, Mahottari
9866996088, 9811016207

VACANCY ANNOUNCEMENT!!!

"Shop Smart, Shop Kwality"

Kwality Mart Pvt.Ltd.
SHOP SMART, SHOP KWALITY

We are excited to announce the grand opening of Kwality Mart, a 5,000 sq. ft. department store in Bardibas-1, Mahottari! We are hiring passionate and hardworking individuals to join our team. If you have the skills and enthusiasm for retail, customer service, and operations, apply today!

Available Positions:

✶ Management & Administration
⇨ Manager (1) – Oversee store operations, sales strategies, and team leadership. Prior retail management experience is required.
⇨ Assistant Manager (1) – Support the Manager in daily operations and employee supervision.
⇨ Accountant (2)– Manage financial transactions, inventory costs, and payroll. Experience with accounting software is preferred.

✶ Sales & Customer Service
⇨ Sales Supervisor (1)– Lead the sales team, set targets, and ensure excellent customer service.
⇨ Sales Executives (6) – Assist customers with product selection, provide information, and drive sales.
⇨ Customer Service Representatives (2) – Handle inquiries, complaints, and improve the shopping experience.
⇨ Cashiers (4) – Process payments, handle transactions, and maintain accurate billing records.

✶ Inventory & Logistics
⇨ Inventory Manager (1) – Manage stock levels, track orders, and coordinate with suppliers.
⇨ Delivery & Logistics Staff (2) – Manage product deliveries and ensure smooth logistics.

✶ Security & Maintenance
⇨ Security Guards (2)– Ensure store safety, monitor surveillance, and prevent theft.
⇨ Marketing & Promotions
⇨ Marketing & Promotions Officer (1) – Plan and execute marketing campaigns, in-store promotions, and events.

✶ Qualifications & Requirements:
⇨ Minimum education and experience requirements vary by position.
⇨ Strong communication and teamwork skills are essential.
⇨ Candidates with prior experience in retail will be given preference.

How to Apply?

*Location: Kwality Mart, Bardibas-1, Mahottari*

*Send CV to: kkwalitymart@gmail.com* *Call: 9861317934, 9814882025*

*Application Deadline: 25-01-2025*

Join Kwality Mart and be a part of an exciting retail journey!

# अरविन्द केजरीवालमाथि दिल्लीमा ढुंगामुढा



● एजेन्सी

दिल्ली विधानसभा चुनावको चहलपहल तीव्र बन्दै गएको छ ।

यसै क्रममा आम आदमी पार्टीले नयाँ दिल्ली विधानसभा क्षेत्रबाट भाजपा उम्मेदवार प्रवेश वर्माका समर्थकहरूले अरविन्द केजरीवालमाथि हमला गरेको आरोप लगाएका छन् ।

नयाँ दिल्ली विधानसभा क्षेत्रमा प्रचारका क्रममा केजरीवालमाथि ढुंगामुढा गरिएको आपले जनाएको छ ।

अर्कोतर्फ, भाजपा नेता प्रवेश वर्माले भने उल्टो दाबी गरेका छन्।

अरविन्द केजरीवालले आफ्ना समर्थकमाथि गाडी चढाएका वर्माले बताएका छन्। 'गाडी चढाउँदा भाजपा कार्यकर्ताको खुट्टामा चोट लागेको छ', वर्माले भने, 'म कार्यकर्तालाई हेर्न अस्पताल जाँदैछु।'

**हारको डरले तर्सिएको छ भाजपा– आप**

यस विषयमा आम आदमी पार्टीले आफ्नो एक्स ह्यान्डलमा लेखेको छ, 'हारको डरले बौलाएको भाजपा। आफ्ना गुण्डाहरूलाई अरविन्द केजरीवालमाथि हमला गर्न लगायो। भाजपा उम्मेदवार प्रवेश वर्माका गुण्डाहरूले चुनाव प्रचारका क्रममा अरविन्द केजरी वालमाथि ईँटा-ढुंगाले हमला गरी उनलाई चोट पुऱ्याउने काम गरे।'

भाजपाका यस्ता आक्रमणले केजरीवाल नडराउने आपको टिप्पणी छ ।

**VACANCY ANNOUNCEMENT!!!**

## Urgent Requirement

Position:- Area Sales Representative (ASR)
Number of Vacancy(ies): 2
Qualification: SLC Passed/ +2 Completed
Experience: Fresher are encouraged to apply or 1-2 years in a Isp Internet Sector
Contract of Employment: Full-time
Job Location: Bardibas, Mahottari
Sallary : As per Company policy

**Skills and Knowledge:**

1.Excellent sales and negotiation skills.
2.Good planning and organizational skills.
3.The ability to work calmly under pressure.
4.Creating a sales plan and proactively experimenting to improve execution.
5.Strong interpersonal and communication skills.
6.Demonstrable and successful sales track record.
7.Good presentation skills.

**Job Duties & Responsibilities:**

1. Present, promote and sell products/services using solid arguments to existing and prospective customers.
2. Establish, develop and maintain positive business and customer relationships.
3. Reach out to customer leads.
4. Achieve agreed upon sales targets and outcomes within schedule.
5. Coordinate sales effort with team members and other departments.
6. Prepare and execute sales applications.
7. Analyze the territory/market's potential, track sales and status reports.

**Vianet Communication Ltd.**

*To Apply:- Send your Resume to*
*rahulkumarjha@vianet.com.np or call*
*(+9779801131433,9802341986)*
*Published Date: 2025-01-09 Application Deadine: 2025-01-29*

# नेपाली कांग्रेस महोत्तरी क्षेत्र नम्बर १ को पार्टी सुदृढीकरण १०० दिने अभियान सुरु



● बिनोद ढुङ्गेल

नेपाली कांग्रेस महोत्तरी क्षेत्र नम्बर १ को १०० दिने पार्टी सुदृढीकरण अभियान केन्द्रीय प्रतिनिधि नेपाली कांग्रेसका राजिव ढुङ्गानाले गौसला नगर पालिकाको रामनगरबाट विधिवत रुपमा सुरु गर्नुभयो।

कार्यक्रममा जिल्ला सभापति नागदेव यादव पूर्व संविधान सभा सदस्य सीताराम भण्डारी महासमिति सदस्य चिरञ्जीवी हमाल महासमिति सदस्य तथा नगर प्रमुख प्रल्लाद कुमार क्षेत्री उपप्रमुख तारादेवी महत्व भगाना नगरपालिकाका उपप्रमुख शान्ति सिंह महासमिति सदस्य मुकेश काफ्लेचन ठाकुर महाधिवेशन प्रतिनिधि इन्द्र प्रसाद ढुंगेल सीताराम अशोक कोइराला पुण्य प्रसाद गौतम प्रदेश नगर वडा प्रतिनिधि सभापतिहरु पदाधिकारीहरु जिल्ला सदस्यज्यूहरु भात्री संगठनका केन्द्रीय सदस्यहरु लगायतका नेता कार्यकर्ताको उपस्थितिमा केन्द्रीय प्रतिनिधि उपस्थित राजिव ढुंगानाले पार्टी सुदृढीकरण गर्नका लागि वडा समिति नै मेरुदण्ड भएको र वडा समितिलाई नै मजबुत बनाउँदै लान सके पार्टी सधैँ ठूलो पार्टी रहिरहने कुरा व्यक्त गर्नुभयो।

कार्यक्रमका वक्ताहरुले पार्टीलाई एक ढिका भएर अगाडि बढाउन एकजुट भएर लाग्नुपर्ने कुरा पनि व्यक्त गर्नुभएको थियो।

क्षेत्र नं. १ का क्षेत्रिय सभापति महेश झाले सभापतित्व गर्नुभएको कार्यक्रममा क्षेत्रीय सचिव पशुराम गिरिले सञ्चाल गर्नु भएको थियो ।

# बर्दिबास नगरपालिकाद्वारा सर्वदलीय बैठक .......

नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष रुद्र सुस्लिङले मोडेल एग्रो भिलेजलाई अझ माथि लान हातेमालो गर्नुपर्ने नदी उत्खनन मापदण्ड भित्र रहेर गर्नुपर्ने सरकारी जग्गा संरक्षणमा आफू सधैँ नगरलाई सहयोग गर्ने गर्न तत्पर रहेको बताउनुभयो ।

नेकपा एस का लेखराज पोखरेलले सुन हुनेले सुन बेच्ने हो हिरा हुनेले हिरा बर्दिबास नगरभित्र नदी जन्य वस्तु नबेचेर के बेच्ने त भनेर उल्टो प्रश्न गर्नुभयो। तर नदीजन्य पदार्थ निकाल्दा मापदण्ड भित्र रहेर निकाल्नुपर्ने कुरा मा पनि उहाँले जोड दिनुभयो ।

यसैगरी लोसपाका चेतबहादुर थापाले उठेका सबै विषय मा नराम्रा पक्षलाई सच्याउन सकिन्छ राम्रा पक्षलाई अँगाल्न सकिन्छ भन्दै।भूमिका समस्यालाई समाधान गर्नको लागि अवसर रहेको र यो अवसरको सदुपयोग गर्नुपर्ने कुरा बताउनुभयो ।

राप्रपाका क्षेत्रीय सभापति कमल पोखरेलले सबै मिलेर नगरलाई समृद्ध बनाउनुपर्ने मेडिकल कलेजको समस्या समाधान गर्नुपर्ने जुनसुकै सहयोग गर्न पनि आफू तयार रहेको र आफ्नो पार्टी तयार रहेको कुरा व्यक्त गर्नुभयो।

रासोपाका परशुराम बस्नेतले नगरभित्रका सबै पार्टीहरू मिलेर अघि बढ्नुपर्ने सबै कुराहरुमा आफ्नो समर्थन रहेको र राम्रा कुराको समर्थन गर्ने र नराम्रो कुराको खबरदारी गर्ने कुरा व्यक्त गर्नुभयो।

अन्य पार्टीका प्रतिनिधिहरूले नै आआफ्नो भनाई राख्दै नगरभित्रलाईका समस्यालाई समाधान गर्न नगर प्रमुखले विशेष भूमिका खेल्नुपर्ने र सबैसित सहकार्य गरेर जानुपर्ने कुरामा जोड दिनुभएको थियो।

सम्पूर्ण प्रश्नहरूको जवाफ दिनुहुँदै नगर प्रमुख प्रल्लाद कुमार क्षेत्रीले सबै जना लाई सकारात्मक सोचले अगाडि बढ्नको लागि अनुरोध गर्नुभएको थियो। उहाँले आफूले कसै प्रति पूर्वाग्रही भावना नराखेको कुरा व्यक्त गर्नुभयो। साथै उहाँले बर्दिवास अस्पताल पहिले भैँसी चर्ने स्थान थियो। बाख्रा चर्ने स्थान थियो त्यसलाई आफूले छोटो अवधिमै प्रदेशको नमुना अस्पताल बनाउन सफल भएको कुरा व्यक्त गर्नुभयो। अस्पतालमा केही समस्याहरु नभएको भने होइन भन्दै उहाँले यी समस्याहरुलाई समाधान गर्नका लागि स्वास्थ्य शाखा प्रमुख अस्पतालका मेसुलाई निर्देशन पनि दिनुभएको थियो। यस्तै शिक्षामा प्रव्यवस्थापनपछि सरकारी स्कुलहरूमा निकै राम्रो सुधार भएको पहिले एक दुईवटा स्कुललाई मात्र हेर्ने चलन थियो। त्यसको अन्त भएको सबै स्कुललाई समान व्यवहार रूपले हेर्ने गरेको कुरा बताउनुभयो।

भूमि सम्बन्धी समस्या चाँडै समाधान गरिने त्यसको लागि सबैले सहयोग गर्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।जग्गा वर्गीकरणमा केही समस्या देखिएको त्यसको पनि समाधानको लागि पहल भइरहेको कुरा उहाँले जानकारी गराउनुभयो। मेडिकल कलेजको निर्माणका लागि बर्दिबास नगर जस्तोसुकै कदम चाल्न र सहयोग गर्न पछि नपर्ने त्यसको लागि सबै एकजुट भएर लाग्नुपर्ने कुरा व्यक्त गर्नुभएको थियो।

नदीजन्य पदार्थको उत्खननको विषयमा बोल्नुहुँदै नगरप्रमुख प्रल्लाद कुमार क्षेत्रीले उत्खनन गर्दा मापदण्ड भित्र रही गर्ने ।

विपरीत काम गरेमा कारबाही समेत गर्ने कुरा उहाँले बताउनुभयो। साथै सरकारी जग्गा अतिक्रमण भएको भए त्यसलाई रोक्नुपर्ने र सरकारी जग्गालाई नगरको स्वामित्वमा ल्याउन सबैको सहयोग र साथ र सहयोगको अपेक्षा पनि उहाँले व्यक्त गर्नुभयो उहाँले कार्यक्रममा उपस्थित भइदिनुभएकोमा सम्पूर्ण पार्टी प्रतिनिधिहरूलाई र उपस्थित अन्य अतिथिहरूलाई पनि धन्यवाद व्यक्त गर्नुभएको थियो ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

☞ २४ सैं घण्टा इमर्जेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ Endosocopy/Diode Laser सेवा
☞ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४–५५०२५५




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com